जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक १९५ २०७८ साल फागुन २१ गते शनिबार (5 Mar. 2022 Saturday) मूल्य रु. ५/-

तेजाब वा अन्य घातक ररायनिक पदार्थको गैरकानूनी उत्पादन, निकासी, पैठारी वा विक्री बितरण गर्नु दण्डनीय अपराध हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : मिथिला माध्यमिकी परिक्रमा ... ३ पृष्ठमा : युक्रेनमाथिको हमला योजना... ३ पृष्ठमा : गौं सेवा आश्रममा...

## जनमतका कार्यकर्तालाई रोक्न खोज्दा प्रहरीको दाँत भाच्यो, जनमतका पाँच जना घाइते



**दैनिक समाचारदाता**
**राजविराज, २० फागुन ।**

किसानहरुको माग पुरा गर्न र निर्वाचनसँग सम्बन्धित माग लिएर शुक्रबार निर्वाचन कार्यालय सप्तरीमा धर्ना दिन पुगेका जनमत पार्टीका कार्यकर्ता र प्रहरीबीच घम्साघम्सी हुँदा एक प्रहरीको दात भाचेको छ भने जनमतका पाँच जना कार्यकर्ता सामान्य घाइते भएका छन् ।

निर्वाचन कार्यालयको मुल गेट मै धर्ना दिन खोजेका जनमत पार्टीका कार्यकर्तालाई प्रहरीले रोके पछि २० मिटर टाढा सडक मै उनीहरु धर्नामा बसेका थिए । सो क्रममा प्रहरी र प्रर्दशनकारी बीच केही बेर घम्साघम्सी समेत चलेको थियो ।

घम्साघम्सीकै क्रममा प्रहरी जवान बिनोद यादवको दाँत भाचेको छ । प्रहरी जवान यादवले प्रर्दशनकारीले गरेको ढुंगा मुढाका क्रममा आफ्नो दाँत भाचेको बताए । जनमत पार्टीले भने प्रहरीले बल प्रयोग गर्दा आफ्नो पाँच जना कार्यकर्ता घाइते भएको जनाएको छ । पार्टीका जिल्ला सचिव थानेश्वर साहले प्रहरीले बल प्रयोग गर्दा संजय यादव, राजेश यादव, साधन दास, कल्पना यादव र प्रभु यादव लगायतका आफ्ना कार्यकर्ता घाइते भएको जानकारी दिएका छन् ।

यस्तै जनमत पार्टीका केन्द्रिय सदस्य सुरेन्द्र मधेशीले आफुहरुले दुई महिना भन्दा बढी समयसम्म किसानहरुको समस्याप्रति प्रदेश र संघीय सरकार गम्भिर हुनुपर्ने तथा निष्पक्ष, मर्यादित चुनावको माँग सम्बोधन नभएसम्म आन्दोलन जारी रहने बताए ।

किसानको माग पुरा गर्नू पर्ने, निर्वाचन आयोगमा दर्ता रहेका दलहरुले पाइसकेका चुनाव चिन्हकै आधारमा स्थानीय तहको निर्वाचनमा पनि सहभागिता जनाउन पाउनु पर्ने, निर्वाचनमा कुनै दल विषेशको प्रभावमा नपरी स्वतन्त्र, निष्पक्ष र मर्यादित ढंगले काम गर्ने कर्मचारीलाई खटाउनु पर्ने लगायतका माग अघि सार्दै प्रर्दशनमा उत्रेका उनीहरुले नगर क्षेत्रको परिक्रमा पछि जिल्ला निर्वाचन कार्यालय नजिक धर्ना दिएका हुन् ।

## आज सप्तरी काँग्रेसको अधिवेशन हुँदै, सभापतिका लागि यादव र साहबीच प्रतिष्पर्धा



शत्रुधन यादव — रामदेव साह

**दैनिक समाचारदाता**
**राजविराज, २० फागुन ।**

नेपाली काँग्रेस सप्तरीको जिल्ला अधिवेशन आज हुँदैछ । गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा हुने अधिवेशनका लागि सभापति पदमा शत्रुधन प्रसाद यादव र रामदेब साह भिड्दै छन् ।

संस्थापन पक्षबाट सभापति पदमा उम्मेदबारी दिएका शत्रुधनलाई वर्तमान सभापति समेत रहेका केन्द्रिय सदस्य दिनेश कुमार यादवको समर्थन रहेको छ भने शेखर कोइराला पक्षबाट उम्मेदबारी दिएका रामदेबलाई संघीय सांसद तेजुलाल चौधरीको समर्थन रहेको छ । यी दुबैबीच कडा प्रतिष्पर्धा हुने आंकलन गरिएको छ ।

शत्रुधनको प्यानलबाट उपसभापतिमा रामप्रसाद मंडल र फत्ते महम्मद, सचिवका प्रभुनारायण चौधरी र सनतकुमार मण्डल तथा सहसचिवमा घनश्याम साह घन्सी र मनोज खडगाको उम्मेदवारी दिएका छन् ।

रामदेवको प्यानलबाट उपसभापतिमा रामकुमार यादव र ध्रुब नारायण चौधरी, सचिवमा नन्दकिशोर यादव र दुर्गानन्द यादवको उम्मेदवारी परेको छ । सहचिवमा मो. मुश्लिम र रामसुन्दर मण्डलको उम्मेदवारी परेको छ ।

निर्वाचन अधिकृत डा. रुद्र शर्माका अनुसार जिल्ला अधिबेशनका लागि कुल २ हजार ५ सय ३५ मतदाता छन् । सात पदाधिकारीसहित ८२ सदस्यीय जिल्ला कार्यसमितिका लागि दुबै पक्षले प्यानल बनाएर वर्तमान सचिव समेत रहेका यादव र इतर पक्षका साहले बुधबार मनोनयन पत्र दर्ता गराएका थिए ।

## राप्रपा सप्तरीले १३ स्थानीय तहमा उम्मेदवारको टुंगो लगायो



**दैनिक समाचारदाता**
**राजविराज, २० फागुन ।**

राष्ट्रिय प्रजातन्त्र पार्टीको शुक्रबारै बसेको बृहत बैठकले आगामी स्थानीय तहको निर्वाचनका लागी जिल्लाको १८ मध्ये १३ स्थानीय तहको उम्मेदवारको टुंगो लगाएको छ ।

जिल्ला अध्यक्ष उमदेश्वर साहले बैठकबाट सर्वसम्त ढंगले चयन गरिएको प्रमुख, उप्रमुख, अध्यक्ष, उपाध्यक्ष र वडाअध्यक्ष लगायतका उम्मेदवारको नामावली अनुमोदनका लागी केन्द्रिय समितीमा पठाइएको जानकारी दिए ।

उनका अनुसार राजविराज नगरपालिकाको प्रमुख पदका लागी उमेश प्रसाद साह, शम्भुनाथ नगरपालिकाको प्रमुख पदका लागी उम्मदेबश्वर प्रसाद साह र उपप्रमुख पदका लागी निलम देवी सदा, हनुमाननगर कंकालिनी नगरपालिकाको प्रमुख पदका लागी नागेन्द्र प्रसाद साह, उप-प्रमुखमा शुकरी देवी मण्डल, बोदे बर्साइन नगरपालिकाको प्रमुख पदका लागी अशोक कुमार साह र उप प्रमुखमा सिता देवी यादबको नाम सिफारिस गरिएको छ ।

यस्तै खडक नगरपालिकाको प्रमुखमा बद्री नारायण साह, उप प्रमुखमा शर्मिला देवी साह, सुरंगा नगरपालिकामा प्रमुख पदका लागी बिरेन्द्र भगत उपप्रमुखमा प्रेम कुमारी महरा, डाक्नेश्वरी नगरपालिकाको प्रमुखमा सुर्य नारायण साह, उपप्रमुखमा एलिना आचार्य, कचंनरुप नगरपालिकाको प्रमुखमा कृष्ण कुमार चौहान, उपप्रमुख सुनिता देबी साह, महादेवा गाउँपालिकाको अध्यक्ष पदमा बेचन इशर, उपाध्यक्षमा उषा गिरी, बलानबिहुल गाउँपालिकाको अध्यक्ष पदमा राम नरेश यादव, उपाध्यक्षमा रंजना कुमारी यादबको नाम सिफारिस गरिएको छ ।

छिन्नमस्ता गाउँपालिकाबाट अध्यक्ष पदमा राम देव यादव, तिलाठी कोईलाडी गाउँपालिकाको अध्यक्षमा देशीनन्दन मण्डल, तिरहुत गाँउपालिकाको अध्यक्षमा दशरथ खंग, विष्णुपुर गाउँपालिकाको अध्यक्षमा राम

*बाँकी अन्तिम पृष्ठमा*



अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# निर्वाचन परिणामले हतास नहोऔं

नेपाली काँग्रेस सप्तरीको जिल्ला अधिवेशन आज हुँदैछ। ५/७ पटक अधिवेशनको मिति परिवर्तन हुँदै अन्ततः आज अधिवेशन हुने टुंगो लागेको हो। विभिन्न कारणवस सर्दै गएको अधिवेशनले आज जिल्ला अधिवेशनबाट जिल्ला सभापतिसहित नयाँ कार्यसमिति निर्वाचित हुनेछन्। सभापतिका लागि संस्थापक तर्फबाट शत्रुधन यादव र इतरतर्फबाट रामदेव साहबीच कडा प्रतिष्पर्धा हुने भएको छ। यादव वर्तमान जिल्ला समितिको सचिव हुन भने साह अघिल्लो जिल्ला अधिवेशनको सभापतिका प्रत्यासी हुन्। यसरी वर्तमान कार्यसमितिको समयअवधी भन्दा बढी समयपछि हुन लागेको अधिवेशनले जिल्लाका सम्पूर्ण काँग्रेसी नेता तथा कार्यकर्ताहरु उत्साहित देखिन्छन्।

लोकतान्त्रिक परिवेशमा निर्वाचनलाई ठूलो महत्वका साथ हेरिन्छ। कुनै पनि विषयमा हुने निर्वाचनलाई नै अन्तिम सस्त्र मानिन्छ। जसकारण निर्वाचनलाई निष्पक्ष र स्वतन्त्र बनाउन सबैको भूमिका महत्वपूर्ण मानिन्छ। यसमा एक पक्षले बिजयी र अर्को पक्षले पराजय भोग्नु पर्छ। बिजयी पक्षले आफ्नो समयअवधीसम्म नेतृत्व गर्ने मौका पाउछ भने पराजय हुने पक्षले यसबाट हतास नमानी आगामी दिनमा अझ महिनेतका साथ अगाडी बढ्नु पर्ने सुझाव पाउछ।

तसर्थ निर्वाचनलाई मर्यादित, निष्पक्ष र स्वतन्त्रापूर्वक सम्पन्न गराउन सबै एकमत हुनु आवश्यक छ भने यसबाट आउने परिणामबाट कोही हतास हुनुहुँदैन्।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मिथिला माध्यमिकी परिक्रमा भारतको कल्याणेश्वरका लागि प्रस्थान

**अजयकुमार साह**
धनुषा, २० फागुन (रासस)।

मिथिलाञ्चलका बहुचर्चित सांस्कृतिक उत्सव तथा संसारकै लामो धार्मिक पदयात्राका रुपमा चिनिने मिथिला परिक्रमाका तीर्थयात्री शुक्रबार भारतको कलाणेश्वरका लागि प्रस्थान गरेका छन्।

मिथिलाको ऐतिहासिक, पौराणिक र धार्मिक आस्थाको धरोहरका रुपमा रहेको १५ दिने परिक्रमा बिहीबारदेखि विधिवत् रुपमा सुरु भएको हो। मिथिला हाम्रो सभ्यता हो, गर्वका साथ भन्नुपर्दछ कि सनातन संस्कारको महान् अनि पावन उदाहरणीय घटनामध्ये रामायण हाम्रो देशमा पनि घटित भएको हो। रघुवंशीय रामले मिथिलाकी राजकुमारी सीतासँग लगनगाँठो कस्दाको इतिहास अझै पनि पवित्र मिथिलाधामका गाउँ, चोक अनि चौतारीमा भनिन्छ, कथिन्छ, गाइन्छ अनि आत्मसात गरिन्छ।

यो परिक्रमाले रामायणका धेरैजसो पक्ष अनि तीसँग सम्बन्ध राख्ने स्थान र अवयव छुने गर्दछ। हुन त मिथिला नगरमा वर्षमा तीन वटा परिक्रमा हुने गर्दछन् र कात्तिक, फागुन र वैशाखका महिनामा ती परिक्रमा हुने गर्दछन्। यी तीन परिक्रमामध्ये फागुनमा हुने परिक्रमाको महत्व असाध्यै छ। यस परिक्रममा १३३ किलोमिटरको पदयात्रामा नेपाल र भारतका विभिन्न स्थानका ठूलो सङ्ख्यामा साधुसन्त र गृहस्थ आश्रमका श्रद्धालुको सहभागिता रहने गरेको छ। प्राचीन मिथिलाको राजधानी जनकपुरधामको अग्निकुण्डबाट किशोरीजी अर्थात् माता जानकी र कचुरी मठबाट मिथिला विहारी भगवान् रामचन्द्रको दुई प्रमुख डोलाको नेतृत्वमा मध्यमिथिला परिक्रमा विधिवत्रुपमा बिहीबारदेखि सुरु भएको हो।

फागुन कृष्णपक्षको औंसीमा धनुषाको ठेरा कचुरी मठबाट भगवान् राम र जानकीको डोलासहित परिक्रमा बिहीबारदेखि सुरु भएको हो। बिहीबार राति धनुषाको हनुमानगढमा विश्राम गरेर परिक्रमामा सहभागी साधु सन्त तथा श्रद्धालु शुक्रबार बिहान पूजापाठ गरी भारतको विहार राज्यस्थित कल्याणेश्वरका लागि प्रस्थान गरेका छन्। फागुन औंसीका दिन धनुषाको ठेरा कचुरीबाट निस्कने मिथिला विहारीको डोला तथा जनकपुरको रत्नसागर र अग्निकुण्डबाट निस्कने किशोरीजीको डोला जानकी मन्दिर भएर जनकपुरको हनुमानगढ पुगेपछि माध्यमिकी परिक्रमाको विधिवत्रुपमा सुरुआत हुने परम्परा रहेको जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले बताउनुभयो।

महाशिवरात्रिलगत्तै सुरु भएको मिथिलाको सर्वाधिक लोकप्रिय १५ दिने परिक्रमाका कारण मिथिलाञ्चलमा यसपालीको फागुन महिना उल्लास एवं भक्तीमय हुने भएको छ। धार्मिक झाँकी भजन, कीर्तनसहित परिक्रमाको डोला जनकपुरबाट सुरु भई शुक्रबार सीमावर्ती भारतीय गाउँ कल्याणेश्वर महादेव स्थान पुग्नेछ। परिक्रमामा सहभागी क्रमशः फुलहर (गीर्जास्थान) हुँदै महोतरीको मटिहानी, जलेश्वर, मडै ध्रुवकुण्ड, कञ्चनवन, पर्वता, धनुषाधाम, औरही, विशौल, कल्याणेश्र र फागुन पूर्णिमाको जनकपुर फर्कनेछ। मिथिला विहारीको नेतृत्वमा पारम्पारिकरुपले आयोजना हुँदै आएको यो परिक्रमामा हजारौं सहभागिता रहने गरेको छ। यस धार्मिक यात्रालाई व्यावसायिक रुप दिन नसक्नु सरकारको कमजोरी रहेको लक्ष्मीनारायण मठ मटिहानीका मानमहन्थ जगन्नाथ दास वैष्णवले बताउनुभयो।

परिक्रमामा सहभागीका लागि बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले सहभागीको सुविधाका लागि १५ वटै विश्रामस्थलमा बिजुली, खानेपानीलगायतको व्यवस्था मिलाएको छ। परिक्रमावासी राति गाउँभन्दा टाढा खुला चौर, बगैंचा वा पोखरीको डिलमा विश्राम गर्छन्। स्थानीय बासिन्दाले पनि सहभागीका लागि अन्न, दाउरा तथा परिक्रमामा सहभागी गोरुका लागि परालसमेत उपलब्ध गराउने गर्दछन्। सहभागी दिनभरि यात्रा गर्छन् र भजन, कीर्तन तथा सत्संग गरेर रात बिताउँछन्। नेपाल भारत दुवै मुलुकको धार्मिक सांस्कृतिक एवं पारम्परिक सद्भावका प्रतीक बनेको परिक्रमा यात्रामा नेपालको धनुषा र महोत्तरीको १३ तथा भारतको दुई गरी १५ विश्रामस्थल छन्। मिथिला महात्मयमा यी विश्रामस्थलका पौराणिक एवं धार्मिक महत्वबारे छुट्टाछुट्टै प्रकाश पारिएकाले यी स्थलप्रति भक्तजनमा अटुट आस्था रहेको पाइन्छ।

मिथिला महात्म्यअनुसार १८औं शताब्दीदेखि यो धार्मिक यात्रालाई माध्यमिकी परिक्रमाकारुपमा मनाइँदै आएको हो। यस यात्राका सहयात्रीले नेपालका १०७ एवं भारतको २६ गरी १३३ किलोमिटर भूमिका पैदलयात्रा तय गर्नुपर्ने परम्परा छ। परिक्रमामा भारतको आयोध्या, मथुरा, हरिद्वार, दरभङ्गा, सीतामढी, वैजनाथधामका साधु उल्लेख्यरुपमा सहभागिता हुने गर्दछ।

परिक्रमामा सहभागी हुनाले मन, वचन र कर्मले भएका पाप तथा अन्याय नष्ट भएर मनोकामना पूरा हुने तथा मोक्षप्राप्ति हुने धार्मिक मान्यता रहेको कुरा पण्डित इन्द्रकान्त झाले बताउनुभयो।

प्राचीन मिथिलाको राजधानी जनकपुरको चारै कुनामा स्थापना भएका चार शिवालय कल्याणेश्वर, जलेश्वर, क्षीरेश्वर र सप्तेश्वरनाथलाई आधार मानी परिक्रमा गर्ने परम्परा रहेको छ। गृहस्थाश्रमदेखि साधुसन्तसम्मको विशाल सहभागिता रहेको यस यात्राका सबै सहभागीलाई यसको महत्वबारे जानकारी नभए पनि उनीहरु उत्साहका साथ यस यात्रामा सहभागी हुने गर्दछन्। मिथिला महात्मयमा माध्यमिकी परिक्रमा गर्न नसक्नेले छोटो दूरीको अन्तगृह परिक्रमा गर्नुपर्ने कुरा उल्लेख गरिएको छ। अन्तगृह परिक्रमाको सीमा क्षेत्र जनकपुर नगरपालिकाभित्र पर्दछ। मिथिला महात्म्यमा हरिहर क्षेत्रबाट प्रारम्भ भई गण्डकी नदीको किनार हुँदै हिमालय क्षेत्र, कोसी नदी भएर पुनःहरिहर क्षेत्रमा समापन हुने बृहत् परिक्रमाको चर्चा गरिएको छ। भारतको पटनास्थित गङ्गा नदीको तटमा हरिहर क्षेत्र अवस्थित छ।

यो परिक्रमा अचेल साधुसन्तको सीमित सङ्ख्याले मात्र गर्ने गरेको कुरा जानकी मन्दिर जनकपुरका छोटे महन्थ रामरोशन दास वैष्णवले बताउनुभयो। वृहत् माध्यमिकी र अन्तगृह परिक्रमा मङ्सिर, माघ, फागुन र वैशाख महिनामा गर्नसक्ने वैदिक मान्यता भए पनि ती परिक्रमा फागुन महिनामै हुने परम्परा रहेको महन्थ दासले बताउनुभयो। केही दशकयता माध्यमिकी परिक्रमाको क्षेत्र र अवधि विस्तारित भए पनि जनकपुरस्थित रत्नसागर स्थानका स्वःमहन्थ बाबा नारायण दासजीले करिब १५० वर्षपूर्व समयदेखि २०० सम्म साधुसन्तलाई लिएर वनजङ्गलको बाटो भएर माध्यमिकी परिक्रमालाई मिथिला महात्मयको निर्देशनानुसार प्रारम्भ गर्नुभएको बताइन्छ। त्यसलाई करिब ५० वर्षपछि स्थानीय सीताकुण्डका महन्थ परमहंश सियालाल शरणले ५०० साधु र बाजागाजासहित परिक्रमा गरेको संस्कृतविद् रामभरोस कापडी भ्रमरले बताउनुभयो।

पाँच सयको सानो सङ्ख्यालाई बढाएर २० हजार पुर्‍याइ परिक्रमाको महत्व बढाउने तथा वैष्णव सम्प्रदायको प्रवर्द्धनमा महन्थ परमहंशको उल्लेखनीय योगदान रहेको लक्ष्मीनारायण मठ मटिहानीका मान महन्थ जगन्नाथ दास वैष्णवले बताउनुभयो। माध्यमिकी परिक्रमामा करिब ६० वर्षअघिदेखि मिथिला महात्म्यको कथा वाचन गर्ने मुख्य पण्डित रामदुलारी शरणजी महाराजले ७० वर्षसम्म उक्त भूमिका निर्वाह गरेर सो परिक्रमाको धार्मिकीकरण गरे। उनको निधनपछि मिथिला महात्मयको कथा वाचन गर्ने काम उहाँका शिष्य सियाराघव शरणले गरिरहेका छन्।

मिथिलाञ्चालको सांस्कृतिक

*बाँकी तीन पृष्ठमा*

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोवर मल प्रयोग गने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राख्ने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी १ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी २ | स्टोकिङ्ग डेन्सिटी ३ | स्टोकिङ्ग डेन्सिटी ४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार बिहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु<br>नैनि | पानीको मध्य भागदेखी पिंध सम्म<br>पानीको पिंधभागमा | डट्रिटस, दाना<br>सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुंको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोबाईल नं. ९८५२८२०९३५

## मिथिला माध्यमिकी ...

धरोहरका रुपमा रहेको परिक्रमा यात्रीले प्रयोग गर्ने सडकमार्गको बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् जनकपुर तथा सडक डिभिजन कार्यालय मुजेलियाले परिक्रमा सडक भनेर निर्माण कार्य थालेका छन् । निर्माणकार्यअन्तर्गत धनुषाको क्षीरेश्वरनाथ नगरपालिकादेखि महोत्तरीको हरिहरपुर हरिणमरिसम्म कालोपत्र सडक निर्माण भइसकेको छ ।

**यस्तो छ परिक्रमा पथ**

पहिलो दिनः फागुन औंसीका दिन जनकपुरबाट प्रारम्भ हुने परिक्रमाको पहिलो बिसौनी हनुमाननगर (कुवा) हो । जनकपुरधामबाट दुई किलोमिटर दक्षिणमा पर्ने यो ठाउँमा हनुमान, राम तथा जानकीका मूर्ति भएको १६० वर्षअघि स्थापित मन्दिर छ ।

दोस्रो दिनः दोस्रो दिनको मेला लाग्ने कल्याणेश्वर भारत उत्तर विहारको बासोपट्टी तथा उमाकुण्डको सानो बस्ती नजिकै छ । भव्य कुण्ड तथा विश्रामालयसमेत रहेको कल्याणेश्वर (कलना) निकै आकर्षक एवं मनमोहक छ । भविष्यज्ञाताका रुपमा नाम कमाएर प्रसिद्ध सिद्धबाबा ११० वर्ष बसेको ठाउँ पनि यही हो ।

तेस्रो दिनः तेस्रो दिनको विश्रामस्थल गिरिजास्थान पनि भारतमै पर्छ । स्थानीयस्तरमा फूलहर नामले चिनिने यो ठाउँमा सीताजीले फूल टिपेर गिरिजा भगवतीको पूजा गर्ने गरेको र त्यही क्रममा भगवान् रामसँग पहिलो देखादेख भएको जनविश्वास छ । गौरीशङ्कर, जानकी, गिरिजा भगवती र गणेशका मूर्ति एवं कप्टहारिणी र शरसमीर पोखरीह भएको यो ठाउँबाट जमुनी नदी बगेको छ ।

चौथो दिन : यस दिन परिक्रमाका यात्री नेपालको मटिहानी आइपुग्छन् । महोत्तरी जिल्लामा पर्ने मटिहानी पूरातात्विक महत्वका १२ वटा मन्दिर तथा आठ वटा पोखरी भएको घना बस्ती हो । नेपालमा संस्कृतको पढाइ हुने ठाउँका रुपमा परिचित मटिहानीमा एउटा पुरानो संस्कृत महाविद्यालय तथा मठ छन् ।

पाँचौं दिन : मिथिला परिक्रमाका यात्री यस दिन जलेश्वरनाथ महादेवको दर्शन गर्न महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर आइपुग्छन् । जलेश्वरनाथको मन्दिरको शिवलिङ्ग सधैंभरि जलमै डुबेको हुन्छ ।

छैटौं दिन : यस दिन यात्री जलेश्वरबाट मडई आइपुग्छन् । यहाँ मुनेश्वर महादेवको मन्दिर तथा दुई वटा आकर्षक पोखरी छन् ।

सातौं दिन : सातौं दिनको विश्रामस्थल ध्रुव कुण्ड हो । यहाँ ध्रुवजीको मन्दिर छ ।

आठौं दिन : यात्रीको आठौं दिनको गन्तव्य कञ्चनवन हरिणमरी तथा हरिशपुर नजिकै पर्छ । यहाँ सीतारामको मन्दिर छ ।

नवौं दिन : यस दिनको विश्रामस्थल पर्वता हो । यहाँ हनुमानजीको विशाल मन्दिर छ । पर्वता पुग्नुपूर्व भक्तजनले हरिहरपुरस्थित क्षीरेश्वरनाथ महादेव स्थानमा पूजा अर्चना गर्छन् ।

दसौं दिन : यस दिन यात्री धनुषाधाम आइपुग्छन् । सीताजीसँग स्वयम्बर हुनुअघि भगवान् रामले भाँचेको धनुषका एक टुक्रा यहाँ खसेको विश्वास छ । यो ठाउँ धनुष दर्शनका लागि प्रख्यात छ । विवाह पञ्चमी तथा रामनवमीका बेला पनि ठूलो मेला लाग्ने धनुषाधामस्थित पोखरी, बाणगङ्गा नदी एवं उत्तरपट्टी करिब ५०० बिघामा फैलिएको घना वन क्षेत्रको यो ठाउँलाई विशेष रमणीय बनाएको छ । यहाँ माघ महिनाको प्रत्येक आइतबार मकर मेला लाग्छ ।

एघारौं दिन : यात्रीको एघारौं दिनको गन्तव्य सतोषर हो । राममन्दिर र पोखरी रहेको यो ठाउँमा असार साउन महिनामा बोलबम तथा झूला पर्व पनि मनाइन्छ ।

बाह्रौं दिन : यात्रीको बाह्रौं दिनको गन्तव्य औरही हो । जनकपुर जयनगर रेल्वेको तेस्रो विसौनी वैदेही नजिकै रहेको औरहीमा भक्तजन कमला नदीमा स्नान गरी रामजानकी मन्दिरको दर्शन गर्छन् ।

तेह्रौं दिन : भारतको विशौल परिक्रमा यात्रीको तेह्रौं दिनको गन्तव्य हो ।

चौधौं दिन : चौधौं दिन परिक्रमाका यात्री करुणा भन्ने स्थानमा आइपुग्छन् । यो कल्याणेश्वर नजिकै पर्दछ ।

पन्ध्रौं दिन : यस दिन परिक्रमाका यात्री जनकपुर आइपुग्छन् । यो यात्राका अन्तिम दिन हो । फागुपूर्णिमाको सन्ध्यामा जनकपुरमा विश्राम गरी पूर्णिमाको बिहानै जनकपुरको पञ्चकोसी परिक्रमा (अन्तगृह) पछि श्रद्धालु जानकी मन्दिरलगायत अन्य मठ,मन्दिरमा दर्शन, पूजन गरी घर फर्कन्छन् ।

यसरी मिथिला परिक्रमाको १५ दिने यात्रा समाप्त हुन्छ । परिक्रमा यात्रीका लागि बाटोमा पर्ने विभिन्न स्थानमा पानी, सर्वत, नास्ता, औषधि आदिको व्यवस्था गरिएको हुन्छ । परिक्रमामा सहभागी हजारौं यात्रु र सो अवसरमा डोला विश्राम गर्ने मेलामा सहभागी लाखौं श्रद्धालु भक्तजनको भीडलाई व्यवस्थित तथा नियन्त्रण गर्न सरकारी र गैरसरकारी क्षेत्रका संस्था प्रयासरत रहेका हुन्छन् । महाशिवरात्रि सम्पन्नलगत्तै प्रारम्भ हुने धार्मिक यात्रा होली खेलेर समापन गर्ने परम्परा छ ।

**मिथिला माध्यमिकी परिक्रमा हुँदा मासु मदिरा प्रतिबन्ध**

मिथिला मध्यमिकी परिक्रमालाई मध्यनजर गर्दै जनकपुरधाममा माछा, मासु र मदिरा बिक्रीवितरणमा प्रतिबन्ध लागाइएको छ ।

जिल्ला प्रशासन कार्यालय धनुषाले परिक्रमाको डोलाका सबै विश्रामस्थल र त्यहाँभन्दा एक किलोमिटर वरिपरी माछामासु बेचबिखनमा रोक लगाएको हो । जिप्रकाले एक सूचना जारी गर्दै परिक्रमाको डोला पुग्नु २४ घण्टा अगावैदेखि लागू हुनेगरी पशुबध तथा माछा, मासु बिक्रीवितरण, सेवन नगर्न र नगराउन भनिएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh

MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# विश्व समाचार

## युक्रेनमाथिको हमला योजना अनुसार नै : रुसी राष्ट्रपति पुटिन

मस्को, २० फागुन (रासस/सिन्ह्वा) ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले रुसले युक्रेनमा गरेको आक्रमण योजना अनुरुप नै भएको बिहीबार बताउनुभएको छ । उहाँले भन्नुभएको छ- युक्रेनमाथिको विशेष सैन्य कारबाही हामीले योजनाअनुसार नै गरेका हौं, त्यसको तयारी हामीले गरेका थियौं । रसियाको सुरक्षा परिषदको एक बैठकमा उहाँले बिहीबार सो धारणा राख्नुभएको हो । उहाँले हामीले तोकिएको काम गरेका छौं र त्यो राम्रोसँग अर्थात् सफलतापूर्वक सम्पन्न पनि गरेका छौं- उहाँले भन्नुभएको छ । उहाँले रुसले युक्रेनमाथि गरेको हमलामा रुसी सेनाले साहसपूर्वक काम गरेको पनि बताउनुभयो । उहाँले भन्नुभयो- रुसी सेनाले ठूलो काम गरेको छ, निकै साहसी काम गरेको छ, हामी त्यसैले सफल भएका छौं ।रुसको सीमा क्षेत्रमा पश्चिमाहरुबाट खतरा देखिएको तथा रुसलाई पनि आणविक खतरा देखाइएको भन्दै यसका कारण रुसले युक्रेनमा विशेष सैन्य कारबाही गरेको उहाँले बताउनुभयो । रुसले गत हप्तादेखि नै युक्रेनमा हमला जारी राखेको छ । बिहीबार रातिसम्म पनि राजधानी युक्रेन र अन्य कतिपय सहरहरुमा रुसी सेनाले हमला जारी नै राखेको बताइएको छ ।

## एक सय ३० रूसी बसहरू भारतीय विद्यार्थी र अन्य विदेशीको लागि तयार

मस्को, २० फागुन (रासस/एएनआई) ।

एक सय ३० ओटा रुसी बसहरु युक्रेनको खार्किभ र सुमीबाट भारतीय विद्यार्थी र अन्य विदेशीहरूलाई रुसको बेल्गोरोड क्षेत्रमा लैजान तयार रहेका रुसी राष्ट्रिय रक्षा नियन्त्रण केन्द्रका प्रमुख कर्नेल जनरल मिखाइल मिजिन्त्सेभले बिहीबार घोषणा गर्नुभएको छ । भारतीय विद्यार्थी र अन्य विदेशी राज्यका नागरिकहरूलाई उद्धार गर्न आज बिहान ६ बजेदेखि बेल्गोरोड क्षेत्रको नेखोतेयेभका र सुड्झा चेकपोस्टबाट कूल १३० वटा आरामदायी बस खार्किभ र सुमी जाने तयारीमा छन्," उहाँ भन्नु भएको छ । चेक प्वाइन्टमा अस्थायी बसोबास र आरामका लागि ठाउँ पनि तोकिएको बताइएको छ । शरणार्थीहरूलाई तातो खाना उपलब्ध गराइनेछ; रुसी समाचार एजेन्सी तासले जनाएको छ । त्यहाँ औषधिको भण्डारसहित मोबाइल क्लिनिकहरू पनि स्थापना गरिएको छ । विस्थापितहरुलाई त्यसपछि बेलगोरोड सहरमा पठाइनेछ र त्यसपछि रुसी सैन्य विमानहरू लगायत हवाई मार्गबाट तिनीहरूको मातृभूमि प्रस्थान गर्नका लगाइने छ "जनरल मिजिन्त्सेभले भन्नु भएको छ । रसियाका राष्ट्रपति भ्लादिमिर पुटिनले छिमेकीमुलुक युक्रेनमाथि गत फेब्रुअरी २४ देखि सैन्य आक्रमण शुरु भएको घोषणा गर्नुभएको थियो । टेलिभिजनबाट प्रत्यक्ष सम्बोधन गर्दै राष्ट्रपति पुटिनले युक्रेनको पूर्वीक्षेत्रमा आक्रमण केन्द्रित गरिएको र त्यो रसियाको आत्मरक्षाका लागि भएको दाबी गर्नुभएको थियो । रुसी सेनाले राजधानी किभलगायत अन्य विभिन्न स्थानमा पनि आक्रमण गरेको पाइएको छ । यसैबीच संयुक्त राष्ट्रसंघले रुसको सैन्य कारबाहीका कारण युक्रेनबाट अहिले १० लाख मानिस पलायन भएको जनाएको छ ।

## रुसद्वारा युक्रेनको परमाणु केन्द्र नियन्त्रणमा

किभ, २० फागुन (रासस/एएफपी) ।

युक्रेनमाथी आक्रमण गरिरहेको रुसले शुक्रबार युक्रेनको परमाणु केन्द्र नियन्त्रणमा लिएको छ । यो परमाणु केन्द्र युरोपकै सवैभन्दा ठूलो रहेको पनि सरकारी अधिकारीहरुले जानकारी दिएका छन् । आक्रमणका लागि युक्रेन आएका रुसी सुरक्षाकर्मीहरुले परमाणु केन्द्रमा बम प्रहार गरेका थिए । बम आक्रमणका कारण परमाणु कोन्द्रमा आगलागी समेत भएको थियो । त्यसपछि उनीहरुले त्यसलाई नियन्त्रणमा लिएका हुन । रुसी सैनिकहरूले जापोरिज्या परमाणु केन्द्र कब्जामा लिएको युक्रेनी निकायहरूले नै पुष्टि गरेका हुन । रुसी आक्रमणका कारण उक्त केन्द्रस्थित एउटा पाँचतले भवनमा आगो लागेको थियो । कर्मचारीहरूले ऊर्जा एकाइको अवस्था निगरानी गरिरहेका छन् भने उनीहरुले कामलाई निरन्तरता पनि दिइरहेका छन् ।युक्रेनको आपतकालीन सेवा प्रदान गर्ने निकायले जापोरिज्यास्थित परमाणु केन्द्रमा लागेको आगो निभाइएको पुष्टि गरेको छ ।

## दक्षिण कोरियामा कोरोना भाइरसको संक्रमण उच्च

सोल, २० फागुन (रासस/सिन्ह्वा) ।

दक्षिण कोरियामा गत २४ घण्टामा थप २ लाख ६६ हजार ८५३ जनामा कोरोना सङ्क्रमण देखा परेको छ । त्यसपछि यहाँ कुल सङ्क्रमितको सङ्ख्या ३९ लाख ५८ हजार ३२६ पुगेको स्वास्थ्य अधिकारीहरूले शुक्रबार बताएका छन् । कोरिया रोग नियन्त्रण तथा रोकथाम एजेन्सी (केडिसीए) को अनुसार यसअघिका दिनको एक लाख ९८ हजार ८०३ जनामा कोरोना सङ्क्रमण भएको थियो । ओमिक्रोन भेरियन्टको सङ्क्रमणले सोल महानगरीय क्षेत्रमा उच्च भएको जनाइएको छ । यहाँ ५९ हजार २६९ जनामा कोरोना सङ्क्रमण भएको थियो । ग्योन्गी प्रान्त र पश्चिमी बन्दरगाह सहर इन्चेनमा बसोबास गर्ने नयाँ सङ्क्रमितको संख्या क्रमशः ७६ हजार ७२२ र १६ हजार ६८१ रहेका छन् । गम्भीर अवस्थामा रहेका सङ्क्रमितको संख्या अघिल्लो दिनको तुलनामा ३१ जनाले बढेर ७९७ पुगेको छ । कोरोना सङ्क्रमणको कारण थप १८६ मृत्युको पुष्टि भएको छ । यसैसँगै कोरोनाको कारण मृत्यु भएका कूल मृतकको संख्या ८ हजार ५८० पुगेको छ ।

# गौं सेवा आश्रममा आगलगीहुँदा दश लाखको क्षती



**दैनिक समाचारदाता**
**राजविराज, २० फागुन ।**

सप्तरीको रुपनी गाउँपालिका १ स्थित गौ सेवा आश्रममा आगलगी हुदा दश लाख बराबरको क्षति भएको छ ।

पण्डित राम कुमार शास्त्रीद्वारा संचालनमा ल्याइएको गौ सेवा आश्रममा विद्युत शर्ट भएर विहीवार मध्यरात आगलागी हुदाँ काठको संरचना भएको आश्रमको दुई तल्ले घर पुर्ण रुपमा जलेर नष्ट भएको हो ।

आगोले आश्रमघरका साथै फर्निचर, भाडाँकुडा, लत्ताकपडा, खाद्यन्न, विद्युतीय उपकरण लगायतका सरसमान जलेर खरानी भएको उनले बताए । राजविराजबाट पुगेको बारुणयन्त्र, प्रहरी र स्थानीयवासीको सहयोगमा आगोमाथी नियन्त्रण कायम गरीएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# महादेवा गापामा माओवादीको स्थानीय चुनावको चहलपहल शुरु



**दैनिक समाचारदाता**
**राजविराज, २० फागुन ।**

सप्तरीको महादेवा गाउँपालिकामा माओवादी केन्द्रले चुनावी चहलपहल शुरु गरेको छ । सरकारले स्थानीय तहको निर्वाचन बैशाख ३० गतेको मिति तय गरेसँगै माओवादी केन्द्रले पनि चुनावी चहलपहल सुरु गरेको हो ।

चुनावी चहलपहल अन्तर्गत शुक्रवार महादेवा गापा वडा नं. १ सोनरामा नेतृत्वहरुको विचमा ब्यापक छलफल पार्टी निर्माण तथा चुनावी चहलपहल एवम सम्भावित उम्मेदवारहरु दावी गर्नेहरुको नामावली समेत घोषणा गरियो ।

सो अवसरमा महादेवा गाउँपालिकामा माओवादी केन्द्रको चुनावमा विजयीको सुनिश्चिताको लागी पार्टी एक ढिका भएर अगाडी वढ्ने माओवादी केन्द्रका केन्द्रिय सदस्य तथा जिल्ला ईन्चार्ज अशोक कुमार मण्डल ( अमर) ले प्रतिवद्धता ब्यक्त गरे ।

त्यसैगरी प्रदेश सदस्य महेश प्रसाद यादवले माओवादी केन्द्रको चुनावमा विजयीको सुनिश्चितता रहेकोले सम्पुर्ण स्थानिय नेतृत्वहरु एक भएर अगाडी वढेमा महादेवा गापाको ६ वटै वडाको साथै अध्यक्ष र उपाध्यक्षको जीत सुनिश्चित रहेको बताए ।

स्थानीय सरकारको नेतृत्व गर्न दिपेन्द्र माझी, देवराम यादव, मनोज यादव, कृष्ण चन्द्र मण्डल (वौवा), कृष्णदेव मण्डल, सुरेन्द्र यादव, मो सकुर, वेजु कामैत, फरेवी सदा अध्यक्ष पदमा आकांक्षी रहेका छन ।

यसैगरी उपाध्यक्षमा अनिता कुमारी मण्डल, अनिता कुमारी यादव, प्रमिला यादव, सविता कुमारी मण्डल, उर्मिला देवी यादव, कल्पना चौधरी र निशा चौधरीले दाबी प्रस्तुत गरेकी छिन् ।

स्थानीयस्तरमा निर्वाचनको तयारीका लागि बैठक, सभा र कार्यक्रमहरुलाई बाक्लो बनाउने छलफल भएको छ । सरकारले बैशाख ९ गते उम्मेदवारी दर्ता १५ गते अन्तिम नामावली प्रकाशनको तयारी गरेका छन् भने बैशाख ३० गते मतादानको मिति घोषणा गरेको छ ।

# संवैधानिक इजलासमा सुनुवाइ सुरु

काठमाडौँ, २० फागुन (रासस) ।

करिब पाँच महिनाभन्दा बढी समय प्रभावित भएको संवैधानिक इजलास शुक्रबारदेखि गठन भई सुनुवाइ सुरु भएको छ ।

कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्कीले संवैधानिक इजलास गठन गरी छ थान मुद्दामा पेसीसमेत तोक्नुभएको छ । इजलासमा कामु प्रधानन्यायाधीश कार्की, न्यायाधीश मीरा खड्का, हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ र ईश्वरप्रसाद खतिवडा रहनुभएको छ ।

नेपालको संविधानको धारा १३७ मा संवैधानिक इजलासको गठन गर्ने व्यवस्था छ । उक्त इजलासमा न्यायपरिषद्को सिफारिसमा प्रधानन्यायाधीशले तोकेको अन्य चार जना न्यायाधीश रहने व्यवस्था रहेको छ । प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराविरुद्ध यही फागुन १ गते सत्तारुढ दलले संसद्मा महाअभियोगको प्रस्ताव दर्ता गरेपछि उहाँ निलम्बनमा पर्नुभएको छ । अहिले कामु प्रधानन्यायाधीश कार्कीले इजलास गठन गरेर संवैधानिक इजलासमा विचाराधीन मुद्दाको सुनुवाइ अघि बढाउनुभएको छ ।

सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेलका अनुसार यसअघि असोज १३ गतेदेखि संवैधानिक इजलासमा सुनुवाइ भएको थिएन । शुक्रबारदेखि इजलास गठन भएर पेसी तोकी सुनुवाइ सुरु भएको छ । संवैधानिक इजलासमा शुक्रबार छ थान मुद्दामा पेसी तोकी सुनुवाइसमेत प्रारम्भ भइसकेको छ । हप्ताको दुईदिन बुधबार र शुक्रबार संवैधानिक इजलास बस्ने गरेको छ । उक्त इजलासमा संविधानसँग सम्बन्धित विषय र सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरुबीचको अधिकार क्षेत्रको बारेमा भएका विवाद र सङ्घीय संसद् वा प्रदेशसभा सदस्यको निर्वाचनसम्बन्धी विवाद र सङ्घीय संसद्का सदस्य वा प्रदेशसभा सदस्यको अयोग्यतासम्बन्धी विवादमा सुनुवाइ गर्ने संवैधानिक व्यवस्था छ ।

## राप्रपा सप्तरीले १३ ...

कुमार यादव, उपाध्यक्षमा शोभा देवी मण्डलको नाम सिफारिस गरिएको छ ।

बाँकि रहेका स्थानीय तहका उम्मेदवारहरुको पनि एक साता भित्रै चयन गरी अनुमोदनका लागी केन्द्रिय समितीमा पठाइने सो पार्टीले जनाएको छ ।

यस्तै शुक्रबारै पार्टीद्वारा आयोजित एक कार्यक्रमबीच राष्ट्रिय प्रजातन्त्र पार्टीले राजबिराजकी जया कुमारी महतोलाई केन्द्रिय सदस्य पदमा मनोनित गरेको छ । महतो राष्ट्रिय प्रजातन्त्र पार्टी निकट राष्ट्रिय प्रजातान्त्रिक महिला संघ सप्तरीकी अध्यक्ष समेत हुन ।

सो अवसरमा जिल्ला अध्यक्ष उम्मदेश्वर साह, बरिष्ठ उपाध्यक्ष उमेश प्रसाद साह, सचिव बलराम शर्मा, सहसचिव सुरेन्द्र कुमार साह (सुरेश), पुर्व केन्द्रिय सदस्य सुभाष चन्द्र झा लगायतले नवनियुक्त केन्द्रिय सदस्य महतोलाई स्वागत तथा सम्मान गरे ।

जिल्ला कार्य समितीको सिफारिसमा महतोलाई पार्टीका केन्द्रिय अध्यक्ष राजेन्द्र लिंगदेनको अध्यक्षतामा दुई दिन अघि बसेको केन्द्रिय समितीको बैठकले केन्द्रिय सदस्य पदमा मनोनित गरेको जिल्ला अध्यक्ष साहले बताए ।


**भ्रष्टाचार अपराध हो, यसको अन्त्य गरौं।**

- कसैले नाजायज फाईदा लिन दिन खोजेमा,
- अनुचित दवाव श्रृजना गरी गैरकानूनी लाभ लिने दिने गरेमा,
- कुनै काम गरिदिने वा नगरिदिने नाममा गैरकानूनी लाभ लिन दिन खोजेमा,
- गैरकानूनी सम्पत्ति जम्मा गरेको पाईएमा,

त्यस्तो कार्य भ्रष्टाचारजन्य कार्य हो ।

त्यसैले,

त्यस्ता कार्यमा संलग्न व्यक्ति वा संस्थाको बारेमा तत्काल अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय प्रशासनलाई खवर गरौं ।

भ्रष्टाचारमुक्त समाजको निर्माणमा पहल गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit
हिमालरेमिट
CG Money
CHAUDHARY GROUP

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*